हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०२ अंक : १५ पृष्ठ : ४ २०७८ भदौ १७ गते बिहीबार (Thursday 02 Sep. 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# पारदर्शिताको लागि सामाजिक लेखाजोखा अपरिहार्य

**लहान ।** सबै संघ/संस्थाले पारदर्शिताको लागि अनिवार्य रूपमा सामाजिक लेखाजोखा वर्षैपिच्छे गर्नुपर्ने वक्ताहरूले धारणा व्यक्त गरेका छन् ।

दलित जनकल्याण युवा क्लब लहानले आयोजना गरेको कार्यक्रममा वक्ताहरूले सामाजिक लेखाजोखाले पारदर्शिता कायम र सम्बन्धित संघ/संस्थालाई जवाफदेही बनाउने बताए ।

कल्बले आफ्नो १५ औँ वार्षिक सामाजिक लेखाजोखामा जिल्लाका सरोकारवालाहरू जनप्रतिनिधी, नागरिक समाज, समुदायका अगुवा, लक्षित समुहका व्यक्तिहरू, संचारकर्मीलगायत आमन्त्रण गरेका थिए । सहभागीहरूले क्लबबाट सञ्चालन भइरहेको कार्यहरूको मुल्याकंन गरी सुझाव दिएको थियो । कार्यक्रमको लागि एक्सन एड नेपाल, वाटर एड नेपाल र फ्रिडम फण्ड दातृ निकायसँग क्लबले सहकार्य गरेका छन् ।

कार्यक्रमका प्रमुख अथिति जिल्ला समन्वय समिति सिरहाका सभापति रामचन्द्र ठाकुरले संघ/संस्थाले वर्षभरिमा समुदायको लागि वास्तविक रूपमा के के क्रियाकलाप गरेको हो ? त्यसको प्रभावकारीता कस्तो ? यी सबै कुरा सामाजिक लेखाजोखा आउने बताए । पारदर्शिताको कडीको रूपमा लेखाजोखा रहेको उनले सुनाए । स्थानीय तहलगायत अन्य निकायले पनि क्लब जस्तै वर्षैपिच्छे कार्यक्रम गर्नुपर्ने उनको भनाई थियो ।

संस्थाले पारदर्शिताको लागि गरेको यो कार्यक्रम सराहनीय भएको लहान नगरपालिकाकी उपप्रमुख सरियार चौधरीले बताईन् । 'हामी पनि यस नगरपालिकामा क्लबसँग हातोमालो गरी विभिन्न वडामा कार्यक्रमहरू गरिरहेका छौँ,'उनले भनिन,'कामहरू राम्रो भइरहेको छ । वर्षभरिको आय( व्यय सार्वजानिक गर्दा विश्वनियता बढछ् ।'

संस्थाले अधिकार, आयआर्जन, शिक्षालगायत क्षेत्रमा उल्लेखनीय कार्य गरेको धनगढीमाई नगरपालिकाकी उपप्रमुख फुलकुमारी श्रेष्ठले सुनाईन् । 'अहिले छोराछोरीहरू कुलतमा फसिरहेको देखेर अभिभावकहरू गुनासो गर्छन तर, आफ्नो छोराछोरी के गरिरहेको छ ? त्यसमा अभिभावकले निगरानी बढाउनुपर्छ,'उनले भनिन,'संघ संस्थाले पनि युवाहरूलाई कसरी कुलतबाट बचाउने र रोजगारीमा लगाउन खालको कार्यक्रमहरू ल्याउनुपर्छ ।' यस क्लबले दातृ संस्थासँग माग गरी जिल्लाका सबै पालिकामा कार्यक्रमहरू विस्तार गर्नुपर्ने उनले बताईन् ।

हामी पनि पारदर्शिताको लागि नगरबाट भएको कार्यहरू सार्वजानिक गर्दै आएको लहान नगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ११ का अध्यक्ष राजकुमार साहले सुनाए । विकासमा जनप्रतिनिधिसँगसँगै दलित जन कल्याण क्लबले दातृ निकायको सहयोगमा इट थप्ने कार्य गरेको




लहान नपा २४ का वडाअध्यक्ष कमलदेव यादवले प्रशंसा गरे ।

संस्थाको सहयोगमा आफ्नो वडामा भइरहेको कार्यक्रमहरू प्रंशसा योग्य रहेको धनगढीमाई नगरपालिका १२ का वडाअध्यक्ष राजु श्रेष्ठले सुनाए । 'संस्थाको सहयोग पाएर लक्षित समुहका महिलाहरू स्वरोजगारी भएको छ । दलित वस्तीमा शौचालय बनेको छ । विद्यालयले पाएको सहयोगले विद्यार्थीलाई पठन पाठनमा मद्दत पुगेको छ,'उनले भने,'अझ प्रभावकारी बनाउन स्थानीय तहसँग साझेदारी संस्थाको अनिवार्य हुनुपर्छ ।' आत्मनिर्भर बनाउने कार्यक्रममा बढी ध्यान र युवाहरूलाई कसरी कुलतबाट बचाउने त्यस्तो प्रकारको कार्यक्रमहरू थप सञ्चालन हुनुपर्ने उनको भनाई थियो ।

सामाजिक लेखाजोखामा वर्षभरिको आय( व्यय, क्रियाकलाप सार्वजानिक गरेसँग अगामी योजना पनि सार्वजानिक गर्नुपर्ने गैरसरकारी संस्था महासंघ सिरहाका अध्यक्ष गोविन्द विष्टले बताए । यस संस्थाको अनुशरण गर्दै अन्य निकायले पनि सामाजिक लेखाजोखा गर्नुपर्ने उनको भनाई थियो ।

'राजनीतिक अध्याय लगभग समाप्त भएको छ । समाज अब समृद्धिको बाटोमा अगाडी बढिरहेको छ । जसमा संघसंस्थाबाट उल्लेखनीय

बाँकी २ पेजमा






# वृद्धको जग्गामा जालझेल : विवादमा लहानका मेयर मुनि साह





**लहान ।** धनगढीमाई नगरपालिका ४ का ९० वर्षीय नन्दी महतो (गुमस्ताजी)को छोराहरू रामरत्न, बद्री र सत्रुधनले आफुमा ०६९ सालमा अंशवाण्डा गरे । नन्दी छोराहरूसँग छुटिएर लहान ४ को १० धुर जग्गा आफ्नो नाममा राखे । त्यहाँ घर र सानो मन्दिर बनाएर बस्ने थाले ।

बुबाको साथी भएकोले नन्दीको लहान नगरपालिकाका मेयर मुनी साह सुडीसँग घनिष्ट सम्बन्ध थियो । छोराहरूसँग छुटिएर बस्न लहानमा थालेका २ वर्षपछि महतोले आफु कतै मन्दिर बनाएर 'साधुसन्त' भएर बस्ने कुरा मेयर साहलाई सुनाए । मन्दिर र घर बनाउन १० धुर जग्गा सानो भयो । त्यो जग्गा बेचेर अन्य सस्तो ठाउँमा किनेर बस्ने योजना बनायो ।

बुबाले जग्गा बेच्न थालेको थाहा पाएपछि नन्दीका छोराहरूले रोक्न खोजे । मालपोत कार्यालयमा रोक्न नसकेपछि जिल्ला प्रशासन कार्यालयमा ०७१ असार २५ गते छोराहरूले नन्दीको मानसिक सन्तुलन ठिक नभएका जनाउँदै जग्गा बिक्री प्रक्रिया रोक्का गरिदिन लिखित निवेदन दिएका थिए । तर, त्यहाँबाट पनि उनीहरू रोक्न सकेनन् । नन्दीले जाचापाँचो मिलाएर जग्गा बेचे ।

'जग्गा बेचेको ५२ लाख ६० हजार रूपैयाँ मेयर मुनि साहलाई दिएको थिए,' नन्दीले

बाँकी ४ पेजमा

# नेपालमा नि:सन्तानको समस्या बढ्दो छ

नि:सन्तानको समस्या अहिलेको जल्दोबल्दो समस्या हो । समयमा पौष्टिक आहार नखाने, जीवनशैलीमा ध्यान नदिने जस्ता कारणले गर्दा हिजोआज धेरैमा नि:सन्तान सम्बन्धी समस्या देखिने गर्छ । पछिल्लो समय बढेको बुढेशकालमा विवाह गर्ने प्रचलनले पनि नि:सन्तान बढाउने गरेको चिकित्सकहरू बताउँछन् । विश्वको तथ्यांकलाई हेर्ने हो भने महिला र पुरुषमा देखिने नि:सन्तान सम्बन्धी समस्या १५ प्रतिशतसम्म देखिन्छ । यो नेपालमा झनै धेरै छ । यही प्रसंगमा नि:सन्तान सम्बन्धी समस्या र त्यसको समाधानको विषयमा विशेषज्ञ डा. मीरा थापासँग गरिएको कुराकानी :



डा. मीरा थापा

**किन हुन्छ नि:सन्तान ?**

कुनैपनि प्रजनन् योग्य उमेरमा सन्तानोत्पादनका लागि नियमित शारीरिक सम्पर्क राख्दा पनि विभिन्न कारणले गर्भधारण हुन नसक्नुलाई नि:सन्तान सम्बन्धी समस्या भनिन्छ । चिकित्सकहरूका अनुसार सन्तान हुने/नहुने विषय विवाहित दम्पतिको पेसा, जीवनशैली, स्वभाव, पारिवारिक वातारण आदिमा भर पर्छ ।

नि:सन्तानको समस्या भोगेकाहरूबाट बच्चा नै हुँदैन र भइहाले पनि तुहिने, बिग्रिने जस्ता समस्याहरू निम्तिन्छन् । नि:सन्तानको समस्या डिम्बवाहिनी नली बन्द हुनु, पुरुषको वीर्य उत्पादन क्षमता कम हुनु, डिम्ब उत्पादन गर्ने हर्मोनको मात्रामा कमी आउनु जस्ता कारणले निम्तिन्छ । नि:सन्तान सम्बन्धी समस्या पुरुषको कारणले, महिलाको कारणले र दुवैको कारणले पनि हुने गर्छ ।

**कस्तो छ नेपालमा नि:सन्तान सम्बन्धी अवस्था ?**

नेपालमा अहिले नि:सन्तानको समस्या बढ्दो मात्रामा छ । नेपालमा अहिले महिला र पुरुष दुवैमा नि:सन्तानको समस्या हुने दर २० प्रतिशत पुगेको छ । विश्वभरका कुल प्रजनन् योग्य जनसंख्याको १५ प्रतिशतमा नि:सन्तान सम्बन्धी समस्या देखिन्छ ।

अहिले खानपानमा आएको परिवर्तन लगायतका कारणले गर्दा नेपालमा नि:सन्तानको समस्या देखिने गर्छ । खाडी मुलुकमा काम गर्न जाने युवाहरूमा पनि यस्तो समस्या धेरै देखिन्छ । यसबाहेक पनि ढिला विवाह हुनु, करियर ओरिएन्टेड हुनु जस्ता कारणले पनि नि: सन्तान गराउने सम्भावना धेरै हुन्छ ।

यसबाहेक पनि नेपालमा तरकारीमा हुने बढी रासायनिक मलको प्रयोग आदि कारणले पनि समस्या सिर्जना गराउँछ ।

अहिले नेपालमा महिलामा नि:सन्तान सम्बन्धी समस्या ४० प्रतिशतमा र पुरुषमा पनि ४० प्रतिशत नै बाँझोपनाको समस्या देखिने गरेको छ ।

**नि:सन्तान सम्बन्धी समस्या निको हुन्छ कि हुन्न ?**

नि:सन्तानको समस्या निको हुने समस्या हो । तर यो कुन स्तरमा छ ? भन्ने आधारमा यो तय हुन्छ । सामान्य अवस्थाको नि:सन्तान सम्बन्धी समस्या छ भने त्यस्तो अवस्थामा काउन्सिलिङबाट पनि यसको समाधान खोज्न सकिन्छ । जटिल खालको नि:सन्तान सम्बन्धी समस्यालाई भने वैकल्पिक उपाय अपनाउनुपर्ने हुन्छ ।

———बाँकी ४ पेजमा

# शासकवर्गको अराजक शैलीका कारण लोकतन्त्र बदनाम

**उपेन्द्र झा**

लोकवाणी मात्र होइन, अराजकता फैलाउने शीर्ष राजनीतिक दलहरूले पनि राजनीतिक अराजकता व्याप्त रहेको कुरा स्वीकारेको छ । अकर्मण्य र स्वेच्छाचारी सबैले राजनीतिक असन्तुष्टता प्रकट गर्नु प्रणालीमा रहेको अराजकतालाई औल्याउँछ । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा गर्दा मौलिक फूर्तिको प्रदर्शन गर्नेहरू पनि यस प्रणालीबाट दिक्क मानेका छन् । दिनहुँ लुगा फेरे जस्तै प्रणाली पनि फेर्ने शासकवर्ग कुन प्रणाली रूचाउँछन् प्रष्ट हुन सकेको देखिँदैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई जनसरोकारको प्रणाली बनाउन, विकासको गतिलाई तीव्र बनाउन उत्साही जनताले पहिलो पटक दुईतिहाइको जनादेश दिएर नेपाल कम्युनिष्ट पार्टीको अध्यक्ष केपी शर्मा नेतृत्वको सरकारलाई विश्वास गरेको थियो । ऐतिहासिक राजनीतिक प्रतिष्ठा प्राप्त गरेको ओली सरकार संघीय लोकतान्त्रिक गणतन्त्रको प्रणालीभन्दा बाहिर गएर स्वतन्त्र रूपले सरकार संचालन गर्दा राजनीतिक अराजकता बढ्न थाल्यो । ओलीको उखान टुक्कामा हाँसेर रमाउनेहरू पनि ओलीको शासन शैली निरंकुश भयो भनेर अभिव्यक्ति दिन थाल्दा ओलीको अलोकप्रियता बढ्न थाल्यो । देश र जनताप्रतिको दायित्व र जिम्मेवारीबाट अलग्गिँदै केपी ओली राजाको शैलीमा शासन थाल्दा कम्युनिष्ट चरित्रको यस्ता निकृष्ट प्रदर्शनले अराजकतालाई खुल्लेआम मैदानमा उतार्‍यो ।

भनिन्छ, देश र जनताको अपेक्षा पूरा गर्न शासक अलिकति निरंकुश पनि बन्छन् । त्यो निरंकुशता जो जनताको भलोको लागि आएको हुन्छ, सबैका लागि ग्राह्य हुन्छ । तर नितान्त व्यक्तिगत स्वार्थ सिद्धिका लागि प्रयोग हुन निरंकुशता राजनीतिक अराजकतालाई निम्त्याउँछ । ओली सरकारमा यही भएको हो । ऐतिहासिक राजनीतिक अवसर प्राप्त गरेको ओली सरकार देश र जनताका लागि अवसर प्रयोग नगरी आसेपासे वा आफ्ना समर्थक व्यक्ति वा कर्मचारीलाई आर्थिक अनियमिततालाई बढावा दिन प्रयोग भएकोले अरू सरकारभन्दा ओली सरकारको बढी आलोचना भएको हो ।

जनताको जनादेशलाई निजी स्वार्थमा प्रयोग गर्ने ओली सरकारको पालामा आएको बेथितिले समग्र प्रणाली माथि नै प्रश्नचिन्ह खडा गरी दिएको छ । संघीयताको खारेजी विपक्षीहरूका राजनीतिक एजेण्डा बन्न थालेको छ । १० वर्षमा आन्दोलन आउने र संविधान समाप्त गर्ने नेपाली राजनीतिको विशेषता रहेकोले यसपाली त १० वर्ष पनि पूरा हुने छाँट छैन ।

ओलीलाई एमसीसीको स्वाद चाख्न नदिने विपक्षी र शक्तिकेन्द्रको रणनीतिले कम्फोरटेवल सरकार ल्याउन बनाएको रणनीतिअनुसार नै अहिले शेरबहादुर देउवा प्रधानमन्त्री बनेका छन् । साझा रणनीति कायम रही शेरबहादुरको सरकारले एमसीसी पास गर्ने कुरा विस्तारै जटिल बन्ने सम्भावना देखिन्छ । प्रचण्ड एमसीसीको पक्षमा छन् भने माओवादीका अरू नेताहरू विपक्षमा छन् । माधव नेपाल पक्षका नेता डा.भीम रावल, माओवादीका नेता देव गुरुङहरू एमसीसीलाई राष्ट्रघाती भनिरहेका छन् । ओली एमसीसीको पक्षमा बोले तापनि आफ्नो पहुँचभन्दा एमसीसीलाई बाहिर लगेका कारण उनले आफ्नो मतको दुरूपयोग किन गर्छन् ।

राजावादी हिन्दूवादीहरूको ओलीलाई व्यापक समर्थन थियो । अहिले उनी एमसीसीको कडा विरोधमा उत्रेका छन् । एमसीसी राष्ट्रघाती सम्झौता हो भनेर असन्तुष्ट पक्षको बलियो जनआधार बन्ने कुरामा किञ्चित शंका छैन । यसमा ओली पक्ष पनि सामेल नहोला भन्न सकिन्न । राष्ट्रवादी छवि उनैको हो ।

हरेक परिवर्तनसँगै स्वार्थको चरित्र पनि बदलिँदै जाने यहाँको अनौठो चलन रहेको छ । गठबन्धनको स्वार्थलाई एमसीसीको स्वार्थसँग जोड्नु सजिलो छैन । सरकार सहयोगी दलहरूलाई पक्षमा उतार्नुभन्दा पूर्व नै एमसीसी विरूद्धको विपक्षको ठूलो भेललले सबै मनसायलाई नेस्तनाबुद गर्ने सम्भावना पनि प्रवल छ ।

राजनीतिक दलहरू स्वार्थपूर्तिका लागि एक अर्कालाई सहयोग गर्छन् । देश र जनताका लागि एक अर्कालाई सहयोग गर्ने भावनाको नितान्त अभाव छ । कुरा परोपकारको गर्ने तर काम व्यक्तिगत गर्ने यही मानसिकताबाट सबै प्रेरित रहेकोले अराजकता स्वतः निम्तिने स्पष्ट छ । ओलीको पालामा दास गुलामबाहेक सरकारमा अरू समावेश हुन नपाइनेको विरूद्ध शेरबहादुर देउवाको मन्त्रिमण्डलमा सबै दलहरू समावेश हुने स्वार्थ मिलेको कारण गठबन्धनको सरकार बनाउन सबै प्रेरित भए । अर्को खास कुरा ओलीको नेतृत्वमा चुनाव हुँदा आसेपासे जित्ने सम्भावनाबाट पनि डराएर दलहरूले गठबन्धनको सरकार बनाए । निजी स्वार्थ पूरा गर्नुबाहेक सरकारको फरक चरित्र केही छैन ।

विगतका घटनाक्रमहरूबाट एउटा कुरा के साबित भएको छ कि देश र जनताको हितमा लोकतान्त्रिक पद्धतिलाई कसरी कार्यान्वयन गर्ने भन्नेबारे कुनै पनि शीर्ष दलका नेताहरू असक्षम भएका छन् । यिनीहरूद्वारा प्रयोग भएको लोकतान्त्रिक प्रक्रिया जनताहित विपरीत साबित हुन गएकोले लोकतान्त्रिक प्रणाली नै कलंकित भएको छ । आफ्नो अज्ञानता, असक्षमताका कारण प्रणाली नै बदनाम हुने अवस्थामा कमी कमजोरीको समीक्षा नगरी एक अर्कालाई दोषारोपण गरी उम्कने अर्को असक्षमता हो । राज्यसत्ता हाम्रो पेवा हो भन्ने मान्यतालाई वैधानिकता प्रदान गर्न नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी दुवै शीर्ष दल सफल भएका छन् । यसरी राज्यसत्तामाथि पालैपालो सवारी गर्ने यी दल मात्र शासकको रूपमा विकसित भएको छ । लोकतन्त्रको विकृत रूप देखेर जनतामाझबाट राजा आउ, देश बचाउको नारा पनि घन्किन थालेको छ । देवत्व स्थानमा रहेका यी शासकवर्गको अराजक शैलीबाट लोकतन्त्र बदनाम भई जनताले राजाको आह्वान गर्न थालेकोले आफ्नो चरित्रमा सुधार ल्याउ भन्ने सुझाव पनि सूर्यलाई दीपक देखाउने जस्तो हो । देवत्व स्थानमा त पूजा मात्र हुन्छ । कुपात्र भनेर आलोचना गरिँदैन । असक्षमताले असन्तुष्टता, अराजकता, द्वन्द्व र परिवर्तन ल्याई रहन्छ । परिस्थितिवश क्रिया, प्रतिक्रियाको माध्यमले समाज परिवर्तन भई रहने नैसर्गिक नियम हो । यसमा कोही कलंकित हुन्छ । कसैले इतिहास रच्छ ।( मधेश दर्पण फिचर सेवा)

# पारदर्शिताको ...

कार्यहरू भएको छ,' पत्रकार जिवछ यादव उदासीले भने,'यस क्लबले विद्यालयमा सहयोग, बाल क्लब गठन, खानेपानी, सरसफाई, सीमान्तकृत समुदायको स्वरोजगारी बनाउने र अधिकारको क्षेत्रमा कार्य गरिरहेको छ । समाजमा गएर वास्तविक रूपमा कार्य गरेर देखाएको छ ।' समाजको आवश्यकता बोध गरेर कार्यक्रम सञ्चालन गरेको हुनाले यसको स्वामित्व समुदाय, विद्यालय, स्थानीय तह लिनुपर्ने उनको भनाई थियो । संस्था र स्थानीय तहले साझेदारी बजेट बनाउने उनले बताए । यस संस्था जस्तै सामाजिक लेखाजोखा स्थानीय तह, विद्यालयहरूले पनि गर्नुपर्ने उनले जोड दिए ।

लहान नगरपालिका १७ का सामुदायिक अगुवा बलिराम रामले यस संस्थाले गाउँमा जनचेतना जगाउँदा हामीलाई बचत गर्न सिकाएको सुनाए । कोरोना महामारी राहत, बालबालिकालाई विद्यालय पठाउन गरेको सहयोग प्रशंसनीय रहेको उनले बताए ।

'अधिकतर दलित समुदायका बालबालिकालाई विद्यालय पठाउन कार्य गरेको छ । नमूना विद्यालय बनाउन ठूलो योग्दान गरेको छ । पठनपाठन कसरी चलिरहेको छ ? त्यो विषयमा अनुगमन गरिरहेको छ,'हिमालय माध्यमिक विद्यालय सिमलटोकी धनगढीमाई १२ का शिक्षक प्रतिनिधि भुपेन्द्र हमालले भने,'शिक्षामा थप कार्य गर्नुपर्ने र निरन्तरता दिनुपर्छ । यस संस्थाले सबै वडामा सहयाग गर्नुपर्छ ।' सीपमुलक र शिक्षामा थप बजेट बढाउने पर्ने उनको भनाई थियो ।

एक्सन एड नेपालले २४ वर्षदेखि सामाजिक लेखाजोखा गर्दै आइरहेको एक्सन एड नेपालका प्रतिनिधि शिवनारायण चौधरीले सुनाए । हामीले आफ्नो साझेदारी संस्थाहरूलाई यो अभ्यास गराउँदै आएको उनले

———बाँकी ३ पेजमा

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिनछ तर ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । प्रेममा बाधा पनि आउन सक्छ ।

**वृष** :- अरूलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । परिवारिक सद्भाव बढ्नेछ । लगानी र व्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**मिथुन**:- आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योगछ । शेयर बजार, कलकारखाना र बन्द व्यापारमा फाइदा नै हुनेछ ।

**कर्कट** :- आज बन्न लागेको काम विग्रनसक्छ । सामान हराउने वा चोरी हुने भयछ । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**सिंह**:- नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । पदोन्नतीको सम्भावना प्रवलछ ।

**कन्या** :- आज धर्म कर्म,परोपकार,समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन पाइएला । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**तुला** :- आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेलाछ ।

**वृश्चिक** :- सरकारी निकाएको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । अविश्वाश उत्पन्न हुनेछ । घर परिवारमा झैं-झमेलाको अवस्था आउन सक्छ ।

**धनु** :- आज आफन्तसंग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाईनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**मकर**:- आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिन** :- जोश जाँगर र हिम्मत बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

# यसैपालि क्रियाशील सदस्य बनेकाहरू कांग्रेसका कुन-कुन पदमा उठ्न पाउँछन्

हटाइयो क्रियाशील सदस्यता लिएको ४ वर्षपछि मात्र महाधिवेशन प्रतिनिधि हुन पाउने व्यवस्था

यसैपालि नेपाली कांग्रेसको क्रियाशील सदस्य बनेकाहरूले पार्टीका विभिन्न तहमा उम्मेदवारी दिन पाउने भएका छन्।

कांग्रेसले क्रियाशील सदस्य लिएको निश्चित वर्ष पुगेपछि मात्रै विभिन्न पदमा उठ्न पाउने विधान बनाए पनि १५ औं महाधिवेशनका लागि ती विधानका व्यवस्था निलम्बन गरिएका छन्।

२०७७ फागुन ६ र २०७८ साउन ३० गते बसेको कांग्रेस केन्द्रीय समिति बैठकले क्रियाशील सदस्यको अवधि सम्बन्धी विधानको व्यवस्था बाधा अड्काउ फुकाउबाट निलम्बन गरिएका छन्।

अब कांग्रेसका तल्ला तहका अधिवेशनमा सभापति, पदाधिकारी, सदस्य र माथिल्लो तहमा प्रतिनिधि आउनका लागि उम्मेदवार बन्न विधानले छेक्दैन।

पार्टीका विभिन्न पदमा उम्मेदवार हुन निरन्तर क्रियाशील सदस्य भएको अवधि हुनुपर्ने विधानमा व्यवस्था भए पनि तल्ला तहका लागि त्यो व्यवस्था निलम्बन भएका छन्।

तर पार्टीको केन्द्रीय सभापति, कार्यसमितिका पदाधिकारी, सदस्य, प्रदेश सभापति, प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्य, जिल्ला सभापति, प्रतिनिधि सभा क्षेत्रीय सभापति, महानगर सभापति, उपमहानगर सभापतिका लागि विधानको व्यवस्था निलम्बन गरिएको छैन।

कांग्रेसको केन्द्रीय सभापति हुन क्रियाशील लिएको कम्तिमा १५ वर्ष भएको र महाधिवशेन प्रतिनिधिबाट निर्वाचित हुनुपर्छ।



प्रदेश सभापति हुन पनि निरन्तर १५ वर्षदेखि क्रियाशील सदस्य भएको हुनुपर्छ भने जिल्ला सभापति हुन निरन्तर १० वर्ष क्रियाशील सदस्य रहेको व्यक्ति योग्य हुने विधानमा उल्लेख छ। कांग्रेसको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति सभापति बन्न क्रियाशील सदस्यता प्राप्त गरेको चार वर्ष पुगेको हुनुपर्छ।

यदी विधानको व्यवस्था निलम्बन नभएको भए वडाका कुनै पदमा उम्मेदवारी दिन क्रियाशील सदस्य भएको एक वर्ष पूरा भएको हुनुपर्ने अनिवार्य व्यवस्था थियो। वडामा सभापति, २ उपसभापति, २ सहसचिव र ३ महिलासहित ९ जना सदस्य प्रत्यक्ष निर्वाचनबाट आउँछन् कोषाध्यक्ष मनोनित छ। यस्तै समावेशीबाट सदस्यहरु र वडा कार्यसमितिको २० प्रतिशत संख्या सभापतिले सदस्यमा मनोनित गर्न पाउँछन्। यी पदमा उठ्न र मनोनित हुन अब विधानको व्यवस्थाले छेक्दैन।

गाउँपालिकाको वडाबाट क्षेत्रीय प्रतिनिधि पनि चयन हुन्छन्। त्यसका लागि पनि विधानमा क्रियाशील लिएको एक वर्ष पुगेकाले पाउने भन्ने रहेकोमा त्यो निलम्बन गरिएको छ। यसैपालि क्रियाशील लिएकाहरु पनि क्षेत्रीय प्रतिनिधि हुन पाउँछन्।विधानले गाउँपालिका र नगरपालिकामा सम्बन्धित पालिकाभित्रका सबै क्रियाशील सदस्य मतदाता हुने विधानको व्यवस्था पनि निलम्बन गर्दै वडा सभापति र क्षेत्रीय प्रतिनिधि मात्रै मतदाता बनाएको छ।

प्रदेश सभा क्षेत्रीय अधिवेशनका लागि क्रियाशील लिएको २ वर्ष पुगेकाले मात्रै उम्मेदवारी दिन पाउने व्यवस्था रहेकोमा त्यो पनि निलम्बन गरिएको छ। प्रदेश सभा क्षेत्रीय अधिवेशनबाट प्रदेश अधिवेशनमा जाने प्रतिनिधि हुन चुनाव लड्न पनि यसैपालि क्रियाशील सदस्य बनेकोले पाउँछन्। विधानअनुसार प्रतिनिधि हुन क्रियाशील लिएको ३ वर्ष पुगेको हुनुपर्ने थियो त्यो व्यवस्था अहिले निलम्बन गरिएको छ। प्रदेश सभा क्षेत्रीय कार्यसमिति सभापति, उपसभापति २, सचिव २ र सहसचिव २ पदमा उठ्न र सदस्यहरुमा उठ्न पनि क्रियाशील लिएको ३ वर्ष पुगेको हुनुपर्ने व्यवस्था निलम्बन गरिएका छन्।

विधानको धारा ११ को २ को (क) पनि निलम्बन गरिएको छ। त्यसमा प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि उठ्नका लागि क्रियाशील लिएको चार वर्ष पुगेको हुनुपर्ने व्यवस्था थियो त्यो पनि निलम्बन गरिएको छ। यसैपालि क्रियाशील लिएकाहरु पनि महाधिवेशन प्रतिनिधि आउन उम्मेदवार बन्न पाउँछन्। कांग्रेसमा १४ औं महाधिवेशनका लागि ९ लाख क्रियाशील सदस्य छन्। उनीहरुमध्ये विदेशस्थित जनसम्पर्क समितिबाट करिब ४८ जना जना क्रियाशील सदस्य छन्। कांग्रेसले भदौ १८ मा वडा अधिवेशन गर्ने भनेको छ। केन्द्रीय महाधिवेशन भने मंसिर ९ देखि १३ गतेसम्म काठमाडौंमा हुनेछ। साभार सेतोपाटी

## पारदर्शिताको ...

बताए । 'पैसा खर्च कति भयो त्यो मात्रै होइन । जसको लागि खर्च गर्यो त्यो समुदायमा कति परिवर्तन आयो र प्रभावकारिता कस्तो रहयो,'उनले भने,'यी सबै बुझ्न सामाजिक लेखाजोखा अनिवार्य भएको छ ।' आधारविहिन वर्गको क्षमता विकास भयो कि नाई त्यो हेरेर सहभागीहरूलाई सल्लाह सुझाव दिन उनले आग्रह गरेका थिए । त्यसपछि अगामी कार्यक्रम बनाउन सहज हुने उनले बताएका थिए । वाटर एडका टेक्निकल अफिसर रूप नारायण यादवले पनि सुझाव दिएका थिए । यस क्लबबाट एक्सन एड नेपाल, वाटर एड नेपाल र फ्रिडम फण्ड दातृ निकायको सहयोगमा स्थानीय अधिकार, विकन परियोजना, हरवा चरवालगायतका कार्यक्रमहरू सञ्चालन भइरहेको छ । लेखाजोखा कार्यक्रममा स्थानीय अधिकार कार्यक्रम अन्तर्गत संयोजक बहादुर सदायले महिला अधिकार, शिक्षा अधिकार, जिविकोपार्जन र विपद् उत्थानशील गतिविधि भइरहेको जानकारी दिए थिए । यस्तै, किरण ढुगांनाले विकन परियोजना अन्तर्गत भइरहेको कार्य बारेमा जानकारी गराएका थिए । सन्तोष विसुन्केले हरवा चरवाका लागि क्लबबाट हुने कार्यबारेमा गतिविधिहरू प्रस्तुत गरेका थिए । क्लबका वित अधिकृत मानबहादुर आले र राजेश विसुन्केले वर्षको आय( व्यय सार्वजानिक गरे ।

क्लबका कार्यकारी निर्देशक विनोद विसुन्केले स्वागत मन्तव्य राख्दै पारदर्शिता र जवाफदेहिताको लागि वार्षिक सामाजिक लेखाजोखा सुरूवात गर्दै आएको बताए । गत वर्ष कोरोना महामारी हुन नसकेको उनले जानकारी दिए । 'लेखाजोखामा समुदाय र स्थानीय सरकारप्रति जवाफदेहिताको लागि स्रोतको जानकारी, स्रोत परिचालनबाट भएको उपलब्धीहरू प्रस्तुत गर्छौं,' उनले भने,'हाम्रो गतिविधीले समाजमा आएको परिवर्तन बारेमा जानकारी गराउँदै आएको छौं ।'

क्लबका अध्यक्ष उमेश विसुन्केको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा जिल्ला समन्वय समिति सिरहाका सभापति रामचन्द्र ठाकुर, विशिष्ठ अतिथिमा लहान नगरपालिकाकी उपप्रमुख सरियार चौधरी, धनगढीमाई नगरपालिकाकी उपप्रमुख फुलकुमारी श्रेष्ठ सहभागी भएका थिए । यसैगरी अतिथिहरूमा लहान नगरपालिकाका वडाअध्यक्षहरू रामनाथ पंडित, प्रदीप चौधरी, तेजनारायण चौधरी, गड्ुलबहादुर जर्घामगर, विन्देश्वर यादव, कमलदेव यादव, इश्वर बस्नेत, प्रथम लाल चौधरी, राजकुमार साह, सुलेमान अन्सारी, वडा सदस्य रामकुमारी दास, विमला खत्री र धनगढीमाई नगरपालिकाका वडाअध्यक्षहरू सुर्यमान तामाङ्ग, राजु श्रेष्ठ, ठरेन्द्र राई, विन्देश्वर यादव सहभागी थिए । गैरसरकारी संस्था महासंघका सिरहा जिल्ला अध्यक्ष गोविन्द विष्ट, एक्सन एडका प्रतिनिधि शिवनारायण चौधरी, वाटर एडका लवकुमार घिसिङ्ग, खानेपानी संस्थान लहानका लटु यादव, अधिकारकर्मी रिक्मा विश्वकर्मालगायत सामाजिक अगुवा र संचारकर्मीहरू आएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# एमाले जेठ २ मा फर्किंदा २५ जिल्ला अध्यक्षले छाडे माधवको साथ




२०७५ जेठ २ अघिको एमालेभित्र माधव नेपाल पक्षका जिल्ला अध्यक्षहरु बहुमत रहेकोमा पार्टी विभाजन हुँदा भने निकै कम संख्याले मात्र नेपाललाई साथ दिने देखिएको छ ।

१० बुँदे सहमति कार्यन्वयनसँगै एमाले जेठ २ मा फर्किंदा माधव नेपाल पक्षका अधिकांश जिल्ला अध्यक्ष भने एमालेमै बस्ने भएका छन् । जेठ २ अघिको एमालेमा ७७ मध्ये माधव पक्षका ३८ जिल्ला अध्यक्ष थिए

नेपालले पार्टी विभाजन गरेर नेकपा (एस) गठन गर्दा जेठ २ अघिका १३ जिल्ला अध्यक्षले उनलाई साथ दिने देखिएको छ । नेपाल समूहमा रहेका तर १० बुँदे सहमति कार्यान्वयनपछि दुवै पक्षसँग संवादमा रहेका केही अध्यक्षले आ ँनो कित्ता प्रष्ट पार्न बाँकी छ ।

एमाले जेठ २ मा फर्किंदै गर्दा प्रदेश १ का माधव नेपाल समूहका ६ जना जिल्ला अध्यक्षमध्ये संखुवासभाका हेमराज घिमिरेमात्र नेकपा एसमा समाहित भएका छन् ।

नेपाल पक्षले तत्कालीन एमालेमा ताप्लेजुङ, इलाम, तेह्रथुम, सुनसरी, उदयपुर, संखुवासभा र खोटाङमा अध्यक्ष जितेको थियो ।

प्रदेश २ मा नेपाल पक्षका चारजना अध्यक्ष रहेकोमा बाराका सुन्दर विश्वकर्मा दुवै पक्षसँग छलफल गरिरहेका छन् । अन्य तीनजना नेपाल पक्षमा खुलेका छन् ।

माधव नेपाल समूहको राम्रो मानिएको वागमती प्रदेशमा अष्टलक्ष्मी शाक्य र अरूण नेपाल एमालेमा बसेका कारण नेकपा एसमा जानेको संख्या न्यून भएको छ ।

नेपाल पक्षले रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर, रसुवा र चितवनमा अध्यक्ष जितेको थियो । पार्टी विभाजन हुँदा काभ्रेका टोकबहादुर वाइबा र मकवानपुरमा मुनु सिग्देलमात्र नेकपा एसमा लागेका छन् ।

गण्डकीमा जेठ २ अघि माधव नेपाल पक्षका एकमात्र जिल्ला अध्यक्ष थिए बागलुङका ईन्द्रलाल सापकोटा । उनले पनि पार्टी विभाजनमा नेपाललाई साथ नदिएपछि नेकपा एस निल भएको छ ।

लुम्बिनीमा माधव पक्षबाट चारजना जिल्ला अध्यक्ष थिए । दाङका टिकाराम खड्का अझै पनि तटस्थ देखिएका छन् भने बाँके र रोल्पाका अध्यक्षले नेपाललाई साथ दिएका छन् ।

माधव नेपालको सबैभन्दा राम्रो मानिएको कर्णालीमा जेठ २ अघि उनको पक्षका पाँचजना जिल्ला अध्यक्ष रहेकोमा विभाजनको बेला रूकुमपश्चिमका विमल पुनले मात्र साथ दिएका छन् ।

सुदूरपश्चिममा माधव नेपालका जेठ २ अघिका अध्यक्ष ६ जना थिए । विभाजनको बेला चारजना अध्यक्ष नेपाल पक्षमा खुलेका छन् भने एकजना तटस्थ छ । जेठ २ अघिका जिल्ला अध्यक्षहरुमध्ये सुदूरपश्चिममा नेपाल पक्षमा धेरै देखिएका छन् । साभार नेपाल प्रेस

## वृद्धको ...

भने,'त्यसबाट डेढ लाख रूपैयाँ मेरो पैचा उधार तिरिदियो । बाँकी रूपैयाँबाट जग्गा खरिद र मन्दिर बनाउन सुरू गरे ।' मेयर साहले लहान नगरपालिका १० स्थित २ कठ्ठा जग्गा खरिद गरे तर, त्यो जग्गा आफ्नो छोरा विशाल साहको नाममा नामसारी गरायो । नन्दीले भनेअनुसार नै विशालको नाममा जग्गा राखिएको मेयर साहको दाबी छ । 'नन्दीको घरमा विवाद थियो । छोराहरूले केही गर्छ कि भनेर डर सुनाउँथ्यो,'उनले भने,'नन्दीले नै जग्गा अरूको नाममा राख्न भनेपछि राखेको थियौं ।'

१८ लाख रूपैयाँमा त्यो जग्गा खरिद भएको मेयर साहले बताए । पछि मन्दिर र घर बनाउँदा आफुपनि ६ लाख रूपैयाँ थप गरेर खर्च गरिदिएको मेयर साहको भनाई छ । जग्गा बिक्री(खरिद भएको केही महिनापछि ०७२ कार्तिक ९ गते नन्दीले नै छोराछोरीहरूबाट असुरक्षित रहेको भन्दै जिउ ज्यान धन सम्पतिको शान्ति सुरक्षा माग गर्दै इलाका प्रशासन कार्यालय लहानमा निवेदन दर्ता गराएका थिए । जसमा मेयर साहलाई पनि असुरक्षा रहेको व्यहोरा जनाएको छ ।

आफ्नो वृद्ध बुबालाई उस्काएर छोराछोरी विरूद्ध प्रशासनमा उजुरी मेयर साहले दिलाउन लगाएको सत्रुधन महतोको आरोप छ । 'मेयर पहुँच भएको व्यक्ति हो । हामीले मालपोत, जिल्ला प्रशासन सबै ठाउँमा जग्गा बिक्री रोक्न प्रयास गऱ्यौं तर, सकेनौं,'उनले भने,'शक्तिबालाको अगाडी हाम्रो केही चलेनन् ।' मानसिक सन्तुलन ठिक रहेको प्रमाण पत्र र प्रशासनमा छोराछोरीमाथि उजुरी मेयरले दिलाएको उनको आरोप छ । छोराछोरी विरूद्ध उस्काएर मेयरले आफ्नो छोराको नाममा जग्गा राखेको उनले बताए ।

मन्दिरबाट केही महिना अगाडी नन्दी छोराहरू भएको ठाउँमा घर पुगे । त्यहाँ उनले आफु मन्दिरमा असुरक्षित रहेको र पटक पटक आग्रह गर्दा पनि जग्गा मेयर साहले आफ्नो नाममा नामसारी नगरिदिएको गुनासो पोखे । 'मन्दिरमा अर्को पुजारी पनि बस्न थालेको छ । सबै रूपैयाँ लिएर पनि हेरचाह नभइरहेको कुराहरू सुनाएको थियो,' नन्दीका छोरा सत्रुधनले भने । छोराहरू नन्दीलाई लिएर मेयर मुनी साहको घर पुगे । घर पुग्दा मेयर साहले जग्गा मन्दिरको नाममा दिने तर, व्यक्तिलाई फिर्ता नगर्ने भनेर फर्काईदिएको उनले सुनाए । त्यहाँ न जग्गा न रूपैयाँ केही फिर्ता नमानेको उनले बताए । तर, नन्दीको छोराहरूले बुबाको नाममा बिक्री नामा गर्नुपर्ने माग गरिरहेका छन् ।

नन्दी र उनका छोराहरूले मेयर साहले कुरा नसुनेपछि पत्रकार सम्मेलन गरे । त्यसपछि मेयर साहको बोली फेरिएको छ । उनी जग्गा फिर्ता गर्न तयार रहेको बताएको छ । तर, प्रक्रिया अगाडी बढेको छैन् ।

'नन्दीले आफुलाई छोराहरूले दुःख दियो । मलाई कतै मन्दिर राम्रो बनाईदिनु भनेर आग्रह गरेपछि साथीभाईको नाताले सहयोग गरेका थियौं,'मेयर साहले भने,'जग्गा खरिद गर्न नन्दीले पैसा ल्यायो । मैले जग्गा आफ्नै नाममा राख्न भन्दा पनि मानेन । फेरी घरबाट धाकधम्की आउँछ भनेर उनले कुनै व्यक्तिको नाममा राखिदिन भन्यो ।' नन्दीकै इच्छा अनुसार काममा सहयोग गरेको उनले सुनाए । मन्दिर भएको जग्गा २ कठ्ठा उसैको रहेको उनले बताए । 'तत्कालिन समयमा गुठी, संस्था बनाउन झन्झटिलो हुँदा छोराको नाममा जग्गा राखेका थियौं,' 'जग्गा फिर्ता गर्न तयार छौं तर, त्यसमा मन्दिर उल्लेख हुनुपर्छ ।'

## नेपालमा ...

जस्तो अण्डा उत्पादनमा कमी आउनु, बढी उमेर, महिलाको अण्डकोश र पुरूषको नलीमा हुने ट्युब ब्लक हुनु जस्ता समस्याले पनि निःसन्तानको समस्या देखिन्छ ।

जस्तो, ४० वर्षपछि औषधि दिएर निःसन्तानको समाधान सम्भव हुँदैन । कतिपय अवस्थामा हर्मोन साइलेन्स अवस्था भएर पनि निःसन्तान सम्बन्धी समस्या सिर्जना हुन्छ ।

नेपालमा टेस्ट ट्युब बेबी कति सफल छ ?

बाबुको शुक्रकिट र आमाको डिम्बलाई आमाको गर्भाशयभन्दा बाहिर प्रजननको लागि तयार पार्ने प्रविधि नै टेस्ट ट्युब बेबी हो । यस्तो प्रक्रियालाई अँग्रेजीमा इन् भिट्रो फर्टिलाइजेसन भनिन्छ । आमाको डिम्ब र बाबुको शुक्रकिटलाई ल्याबमा निकालिने भएकोले यसलाई टेस्ट ट्युब बेबी भनिएको हो ।

यो प्रविधिमा सबै अभ्यास सफल हुन्छ नै भन्ने हुँदन । कतिपय विकसित मुलुकहरूमा टेस्ट ट्युब बेबीको सफलता दर ७० प्रतिशतसम्म छ । तर नेपालमा भने अहिलेको अवस्थामा यसको दर ३५-५० प्रतिशत मात्रै सफलताको दर देखिन्छ । टेस्ट ट्युब बेबी धेरै जोखिमपूर्ण हुँदैन । नेपालमा एउटा टेस्ट ट्युब बेबीको मूल्य ३ लाखदेखि साढे ३ लाख रूपैयाँसम्म लाग्ने गर्छ । साभार अनलाईनखबरबाट

# कक्षा १२ को परीक्षा भदौ ३० देखि सञ्चालन हुने

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा भदौ ३० गतेदेखि सञ्चालन गर्ने भएको छ ।

यसअघि स्थगित परीक्षा भदौ ३० देखि असोज ८ गतेसम्म सञ्चालन हुने बोर्डले सूचना मार्फत जानकारी दिएको छ । यसअघि गत साउन ३१ देखि भदौ ९ गतेसम्म परीक्षा तालिका सार्वजनिक गरिएको थियो । तर कोरोना भाइरस संक्रमण बढेको भन्दै स्थगित गरिएको थियो ।

राष्ट्रिय परीक्षा बोर्डको बुधबार बसेको बैठकले विद्यार्थीहरूको भौतिक उपस्थितिमै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए ।

सरकारले कक्षा ११ र १२ का परीक्षार्थीलाई कोरोना भाइरसविरूद्धको खोप पनि दिएको छ ।

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)